## गाउँ सभाको सोह्रौं अधिवेशनका निर्णयहरु:

**निर्णय नं १:** गाउँ सभाको विशेष अधिवेशनबाट स्वीकृत विनियोजन ऐन २०८१ मा समानिकरण, विशेष, समपुरक, शसर्त, आन्तरिक श्रोत लगायतबाट विनियोजित चालु तथा पूँजिगत तर्फको ६५,७७,९८,०००। अनुमानलाई देहाय अनुसार संसोधन गरी कुल संसोधित अनुमान ६९,५७,९८,०००। कायम गर्ने निर्णय गरीयो। अनूसुचि संलग्न रहेको छ।

**निर्णय नं २:** रोशी गाउँपालिकाका प्रवक्ता श्री वसन्त कुमार तामाङज्यूले पेश गर्नु भएको आर्थिक वर्ष २०८१/८२ को लागि गाउँ सभाको पन्ध्रौं अधिवेशनबाट स्वीकृत भएको नीति, कार्यक्रम तथा बजेटमा हाल सम्म भएको "अर्धवार्षिक प्रगति प्रतिवेदन" अनुमोदन गर्ने निर्ण्य गरियो।

**निर्णय नं ३:** रोशी गाउँपालिका न्यायिक समिति संयोजक श्री मिम बहादुर वाईबा ज्वालाले पेश गर्नु भएको आ.व. २०८१/८२ को न्यायिक समितिको अर्थ वार्षिक प्रगति प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरीयो।

**निर्णय नं ४:** गाउँसभाको विशेष अधिवेशन मिति २०८१ कात्तिक ३० गतेदेखि २०८१ चैत १५ गतेसम्म गाउँ कार्यपालिकाको बैठक र अध्यक्षस्तरबाट भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं ५:** रोशी गाउँपालिकाको शिक्षा विधेयक, २०८१ र विज्ञापन विधेयक, २०८१ अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं ६:** रोशी गाउँपालिकाको लेखा समिति, विधायन समिति र विकास तथा सुशासन समितिमा देहाय बमोजिमका सदस्यहरु रहेन गरी समिति गठन गर्ने निर्णय गरियो।

लेखा समिति:

- संयोजकः धनजीत लामा
- सदस्यः मञ्जु लामा
- सदस्यः रिता कोइराला

विधायन समिति:

- संयोजकः वसन्त कुमार तामाङ
- सदस्यः जीत बहादुर तामाङ
- सदस्यः निरध्वज लामा

विकास तथा सुशासन समिति:

- संयोजकः अशोक कुमार गौतम
- सदस्यः एकरत्न घलान
- सदस्यः तेज बहादुर मगर

**निर्णय नं ७:** चालु आ.व.को हालसम्म भएको खर्च विवरण अनुमोदन गर्ने निर्णय गरियो।

CamScanner